राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७६ वैशाख ३

## राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ संशोधन विधेयक उपर आयोगको गम्भीर ध्यानाकर्षण

नेपाल सरकारबाट मिति २०७६/१/२ मा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको प्रस्तावित विधेयकउपर आयोगको गम्भीर ध्यानाकर्षण हुन गई आज आकष्मिक बैठक बसेको छ । प्राप्त मस्यौदा विधेयक सम्बन्धमा आयोगको स्वायत्तता र स्वतन्त्रतामा नै आँच आउने गरी भएको प्रस्तावित प्रस्तावनाहरुप्रति आयोगले आपत्ति प्रकट गर्ने निर्णय समेत गरेको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्वाट पारित भई संघीय संसद सचिवालयमा पठाइएको उक्त विधेयकमा आयोगद्वारा मिति २०७२/९/२० को निर्णय बमोजिम आयोगले व्यापक रुपमा परामर्श तथा छलफल गरी तयार गरेको तीन महले सहितको प्रस्तावित विधेयकको पूर्णतया उपेक्षा गरिएको ठहर गर्दै ऐनको प्रस्तावनामा स्वायत्तता र स्वतन्त्रता थपिनु पर्ने, सर्वोच्च अदालतको मिति २०६९/११/२३ को रिट नं. ६८।WS।००६ को निर्णयको भावना विपरीत हुनका साथै मानव अधिकारको पेरिस सिद्धान्तको प्रतिकूल, नेपालको संविधानको धारा २९३ को भावना र व्यवस्था प्रतिकूल हुनेगरी आयोगको अनुसन्धान सिफारिस र आदेशलाई महान्यायाधिवक्ताको निर्देशनमा रहने आशय, आयोगका हाल कायम रहेका प्रदेश तथा शाखा कार्यालयहरुलाई समेत प्रतिकूल असर पर्ने गरी, साथै आयोगको अर्थिक स्वायत्तता समेतमा बन्देज लगाउने गरी थप दफाहरुको व्यवस्था गरिएकोप्रति आयोगले आपत्ति प्रकट गरेको छ ।
यस सम्बन्धमा आयोगले आजै नेपाल सरकारलाई पुनर्विचार गर्न पत्राचार गरेको छ ।

वेद भट्टराई
सचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org